| | | |
|---|---|---|
| ५. शाखा प्रमुख, कृषि विकास शाखा सदस्य सचिव | | १ |
| जम्मा | | ६ जना |

१.३५ कार्यक्रम संचालन प्रक्रिया

पालिकामा कृषि कार्यक्रम संचालनका लागि तपसिल अनुसारका शाखा तथा समितिहरुको भुमिका रहने छ .

| | | |
|---|---|---|
| १ | बार्षिक बजेट तथा कार्यक्रम, कार्यक्रम कार्यान्वयन कार्यविधि/कार्ययोजना/मापदण्ड प्रस्ताव गर्ने | कृषि विकास शाखा |
| २ | बार्षिक बजेट तथा कार्यक्रम र कार्यक्रम कार्यान्वयन कार्यविधि छलफल गरी आर्थिक विकास समितिमा पेश गर्ने तथा कार्ययोजना र मापदण्ड स्वीकृत गर्ने | पालिकाकृषि विकास समिति |
| ३ | बार्षिक बजेट तथा कार्यक्रम र कार्यान्वयन कार्यविधि छलफल गरी निर्णय प्रकृयाका लागि कार्यपालिका बैठकमा पेश गर्ने | आर्थिक विकास समिति |
| ४ | बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गरी अनुमोदनका लागि नगर सभामा पेश गर्ने र कार्यक्रम कार्यान्वयन कार्यविधि स्वीकृत गर्ने | पालिकाकार्यपालिका |
| ५ | स्वीकृत कार्यक्रमहरुको कार्यान्वयन संवन्धि क्षेत्र प्राथमिकीकरण, सुचना प्रशारण, प्रस्ताव आह्वान, प्रस्ताव संकलन तथा प्रारम्भिक मुल्याङ्कन | कृषि विकास शाखा |
| ६ | कार्यक्रम कार्यान्वयन क्षेत्र छनौट, प्रस्तावको अन्तिम मुल्याङकन तथा लाभग्राही छनौट | पालिकाकृषि विकास समिति |
| ७ | लाभग्राही सँग संझौता गर्ने | कृषि विकास शाखा |
| ८ | कार्यक्रम कार्यन्वयन सहजीकरण | कृषि विकास शाखा |
| ९ | कार्यक्रम कार्यान्वयन अनुगमन तथा मुल्याङ्कन | कृषि विकास शाखा र पालिकाकृषि विकास समिति |

नोटः लाभग्राही छनौट गर्दा अन्य संघसंस्था सँग दोहोरपना (duplication) हुन नदिने तथा कार्यक्रम संचालनको कम्तिमा २ बर्ष अघि छनौट भई अनुदान पाएका लाभग्राही भन्दा अन्य लाभग्राहीलाई अनुदानको लागि प्राथमिकता दिईनेछ ।

१.३६ पालिकाकृषि विकास समिति सदस्यहरूबाट निरीक्षण/अनुगमन

कृषि उत्पादन उपभोक्ताहरू तथा कृषि विकास संग आवद्ध निकायहरूको समेत संलग्नता र सहभागिता जुटाई कृषि विकास कार्यक्रमलाई वढि प्रभावकारी वनाउन पालिका कृषि विकास समिति रहने व्यवस्था छ। सोही अनुरुप पालिकाप्रत्येक क्षेत्रहरूमा सञ्चालित कृषि विकास कार्यक्रमहरू उक्त समितिका सदस्यहरूबाट निरीक्षण तथा अनुगमन गरी गराई सञ्चालित कार्यक्रमलाई अरु वढी प्रभावकारी ढंगले अगाडि वढाउन यो कार्यक्रम तय भएको हो ।

उद्देश्य–

- पालिका कृषि विकास समितिका सदस्यहरूबाट नगरमा सञ्चालित कृषि विकास कार्यक्रमहरूको स्थलगत निरीक्षणबाट कृषकहरूको चाहना, समस्या र सम्भाव्यतावारे जानकारी लिनुको साथै सञ्चालन गरिएका कार्यक्रमहरूको सवल तथा निर्वल पक्षहरू माथि प्रत्यक्ष पृष्ठपोषण गरी/गराई कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याउनु ।
- सम्बद्ध निकायहरूको कार्यक्षेत्र तथा योजनामा समन्वय अभिबृद्धि गरी उक्त समितिलाई आगामी समयको लागि कृषि विकास कार्यक्रम निर्माणमा निर्णय गर्न सघाउ पुऱ्याउनु ।

कार्यविधि-

- पालिकामा सञ्चालित विभिन्न कार्यक्रमहरू मध्ये कुन कुन कार्यक्रमको निरीक्षण/अनुगमन भ्रमण गर्ने हो समितिको वैठकमा निर्णय गरी कार्यक्रम अनुसार अनुगमन निरीक्षण गर्न सकिनेछ ।
- यस भ्रमणको लागि उपलब्ध भएसम्म सरकारी गाडीको प्रयोग गर्ने र यसको लागि आवश्यक पर्ने इन्धन कार्यक्रममा स्वीकृत रकमबाट खर्च गर्नुपर्नेछ ।
- सरकारी गाडीको व्यवस्था हुन नसकेको अवस्थामा मात्रै मिनीवस या अन्य गाडी भाडामा लिन सकिनेछ ।

- अनुगमन भ्रमण गरेबापत समितिका सदस्यहरुलाई नियमानुसार भ्रमण भत्ता उपलब्ध गराउन सकिनेछ ।

## खण्ड (ख) कृषि विकास कार्यक्रम अन्तर्गत
### कृषि विकास शाखाले खर्च गर्ने नर्म्स

१. कृषि प्रसार कार्यक्रम
१.१ कृषक समूह
१.१.१ कृषक समूह गठन/पुनर्गठनका लागि निवेदन पेशः हुलाक टिकट रु १० ।-
१.१.२ नयाँ कृषक समुह गठन राजश्व दस्तुरः रु. २५० ।-
१.१.३ कृषक समुह नविकरण राजश्व दस्तुरः रु. १०० ।-

१.२**पा लका**स्तरीय कृषक तालिम

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स |
|---|---|---|---|
| १ | समय अवधि | दिन | ३ |
| २ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर) | रु /कक्षा | ६०० |
| ३ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर) | रु /कक्षा | ५०० |
| ४ | कार्यपत्र (अधिकृत स्तर) | रु /कक्षा | ७०० |
| ५ | कार्यपत्र (सहायक स्तर) | रु /कक्षा | ६०० |
| ६ | संयोजक भत्ता | रु /दिन | ४०० |
| ७ | सहयोगी भत्ता | रु /दिन | ७०० |
| ८ | प्रशिक्षार्थि भत्ता | रु /दिन | १००० |
| ९ | खाजा चियापान | रु/व्यक्ति/दिन | २०० |
| १० | शैक्षिक सामग्री | रु/प्रशिक्षार्थि | १०० |
| ११ | व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी ।) | रु | ५००० |
| १२ | सहभागि कृषक | संख्या | १५ देखि २५ जना सम्म |

१.३ घुम्ति स्थलगत कृषक तालिम

| सि.नं. | नर्म्सको विवरण | इकाई | नर्म्स |
|---|---|---|---|
| १ | समय अवधि | दिन | १-२ |
| २ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (अधिकृत स्तर) | रु /कक्षा | ६०० |
| ३ | प्रशिक्षक वा कक्षा संचालन भत्ता (सहायक स्तर) | रु /कक्षा | ५०० |
| ४ | कार्यपत्र (अधिकृत स्तर) | रु /कक्षा | ७०० |
| ५ | कार्यपत्र (सहायक स्तर) | रु /कक्षा | ६०० |
| ५ | संयोजक भत्ता | रु /दिन | ४०० |
| ६ | सहयोगी भत्ता | रु /दिन | ७०० |
| ७ | प्रशिक्षार्थि भत्ता | रु /दिन | ० |
| ८ | खाजा चियापान | रु/व्यक्ति/दिन | २०० |
| ९ | शैक्षिक सामग्री | रु/प्रशिक्षार्थि | १०० |
| १० | व्यवस्थापन (मार्कर, टेप, मेटाकार्ड, कार्डबोर्ड पेपर, व्यानर, प्रमाणपत्र, फोटोकपी आदी ।) | रु | २००० |
| ११ | सहभागि कृषक | संख्या | कम्तिमा १५ जना |

१.४ उन्नत बीउ किट वितरण

